विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०२/११ मा बसेको बैठकका एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | नगर सभाको अठारौं अधिवेशन सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर सभाको अठारौं अधिवेशनको तयारी, व्यवस्थापन तथा सञ्चालन एवम् बजेट तथा कार्यक्रम तर्जुमाको सम्बन्धमा छलफल गरियो। आगामी आ.व. २०८३/०८४ का लागि तोकिएको बजेट सीमाभित्र रही प्रस्तावित वडास्तरीय तथा विषय क्षेत्रगत बजेट तथा कार्यक्रम २०८३ साल जेठ २५ गतेभित्र कार्यालयमा पेश गरिसक्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | विविध। | (क) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सार्वजनिक-निजी साझेदारी मोडेलमा ठोस फोहोरमैला सङ्कलन, ढुवानी, प्रशोधन र डिस्पोजल (Solid Waste Collection, Transportation and Disposal) सम्बन्धी प्रस्ताव आह्वान गरिएकोमा एक थान प्रस्ताव (नेप्सेम्याक सेवा प्रा.लि., ललितपुरबाट) पेश हुन आएको र उक्त प्रस्तावदाताको सम्बन्धमा कार्यालयमा उजुरीहरू दर्ता भएकाले मिति २०८३/०१/२२ मा बसेको कार्यपालिका बैठकको निर्णयानुसार महानगरपालिकाका कानूनी सल्लाहकारहरूलाई कानूनी राय माग गरिएकोमा निजहरूबाट उक्त प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनाको भावना र मर्म विपरीत रहेकोले सोही ऐनको दफा २६ बमोजिम अस्वीकृत गरी बेरुजु रकम असुल गर्न मनासिब हुने भनी राय प्राप्त भएको हुँदा सो राय समेतका आधारमा उल्लिखित प्रस्ताव अस्वीकृत गर्ने तथा उक्त प्रस्तावदाता समेत संलग्न रहेको JV कम्पनीबाट महानगरपालिकाले असुल उपर गर्नुपर्ने बाँकि रहेको बेरुजु रकम सो प्रस्तावदाताको बोलपत्र जमानत (Bid security/Bid bond) बाट असुल गर्ने र प्रस्ताव आह्वानको नयाँ प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) Center for the Economics and Management of Education and Training Systems (CEMETS) को आयोजनामा सम्वत् २०८३ साल असार २१ देखि २६ गतेसम्म (5-10 July, 2026) स्वीजरल्याण्डको जुरिचमा आयोजना हुने CEMETS Alumni Institute 2026 मा सहभागिताका लागि विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइराला र उपप्रमुख श्री शिल्पा निराला कार्कीलाई निमन्त्रणा प्राप्त भएको हुँदा महानगरपालिकालाई आर्थिक भार नपर्नेगरी उक्त कार्यक्रममा सहभागी हुन जानका लागि प्रमुख र उपप्रमुखलाई सर्वसम्मतिले सहमति प्रदान गरियो।<br>(ग) विराटनगर महानगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणाका लागि स्वास्थ्य कार्यालय, मोरङको पत्रानुसार स्वीकृतिको जानकारी प्राप्त भएको हुँदा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना महानगरपालिका घोषणाको स्वीकृतिलाई अनुमोदन गर्ने र घोषणा सभाको आयोजना गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

# विराटनगर महानगरपालिका

बैठक संख्या : १०  
आ.व.: २०८२/०८३

मिति : २०८३/०२/११  
समय : दिउँसो ३:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०२/११ मा बसेको बैठकका एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| २(ख) | विविध। | Center for the Economics and Management of Education and Training Systems (CEMETS) को आयोजनामा सम्वत् २०८३ साल असार २१ देखि २६ गतेसम्म (5-10 July, 2026) स्वीजरल्याण्डको जुरिचमा आयोजना हुने CEMETS Alumni Institute 2026 मा सहभागिताका लागि विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइराला र उपप्रमुख श्री शिल्पा निराला कार्कीज्यूलाई निमन्त्रणा प्राप्त भएको हुँदा महानगरपालिकालाई आर्थिक भार नपर्नेगरी उक्त कार्यक्रममा सहभागी हुन जानका लागि प्रमुख र उपप्रमुखज्यूलाई सर्वसम्मतिले सहमति प्रदान गरियो। |